गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
पोखरा, नेपाल

Email-moitfe4@gmail.com
Website-mofesc.gandaki.gov.np
०६१- ५९०३०४
५९०३०५/५९०३०६

**गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम तह वृद्धि गर्ने सम्बन्धी सूचना !**

सूचना नं. ३/२०८१-८२ (तह वृद्धि) सूचना प्रकाशन मितिः २०८२/०९/२२

गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा २८ मा भएको तह वृद्धि सम्बन्धी व्यवस्था बमोजिम तपसिलमा उल्लेखित शर्तहरु पूरा भएका गण्डकी प्रदेश निजामती सेवाका इच्छुक स्थायी कर्मचारीहरुले गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को अनुसुची-१९ बमोजिमको फाराम भरी फाराममा उल्लेखित विवरण खुलाई सम्भव भएसम्म नेपाली कागजमा प्रिन्ट गरी आफू कार्यरत कार्यालय/मन्त्रालयको कार्यालय/महाशाखा प्रमुखबाट प्रमाणित गराई दुई प्रति तयार गरी मिति २०८२/०९/३० गते सम्ममा यस मन्त्रालयको प्रशासन शाखामा बुझाउनु हुन यस मन्त्रालय (प्रदेश सचिवस्तर) को मिति २०८२/०९/२२ को निर्णयानुसार सूचित गरिन्छ। म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका र तोकिए बमोजमका कागजात संलग्न नभएका आवेदनलाई तह वृद्धिको प्रक्रियामा सामेल नगराइने बेहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

<u>तह वृद्धिका लागि आवश्यक न्यूनतम शर्त तथा योग्यताहरुः</u>

१. गण्डकी प्रदेश निजामती सेवाको अधिकृतस्तर छैटौं, आठौं र दशौं तह (प्राविधिक/अप्राविधिक) को पदमा हुने तह वृद्धिको लागि क्रमशः सहायकस्तर पाँचौं, अधिकृतस्तर सातौं र अधिकृतस्तर नवौं तहको पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता पुगेको, सो तहको पदमा कम्तीमा पाँच वर्ष सेवा अवधि पुरा भएको र पछिल्लो पाँच आ.व. को कार्यसम्पादन मूल्याङ्कनमा औसत पन्चानब्बे प्रतिशत अङ्क वा सो भन्दा बढी अङ्क प्राप्त गरेको हुनुपर्नेछ।

२. सेवा अवधि गणना गर्दा समायोजन हुनु पूर्वको समान तह वा श्रेणीको पदमा स्थायी नियुक्ति पाई कार्य गरेको अवधि समेतलाई गणना गरिनेछ।

३. गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३३ बमोजिम तह वृद्धिका लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ। यस प्रयोजनका लागि ऐ. ऐनको दफा ३३ बमोजिम अयोग्य ठहर नभएको र नकारात्मक सूचीमा नपरेको भनी उम्मेदवार स्वयंले स्वःघोषणा गरी पेश गर्नुपर्नेछ।

४. आवेदन फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

५. आवेदन फारामसाथ तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्तिको प्रमाणित प्रतिलिपि र कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गण्डकी प्रदेशमा समायोजन भएको समायोजन पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।

०९/२२

(रविन्द्र घिमिरे)
उप-सचिव